का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० असोज २०८२
शुक्रबार
26 September 2025
Friday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २३६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रकाश र प्रभाकरको घेराबन्दीमा प्रचण्ड



जेनजी आन्दोलनबाट राजनीतिक नेतृत्वको सरकार अपदस्थ भएपछि सबै दलमा नेतृत्व परिवर्तनको बहस चलिरहेको छ । विघटित संसदको प्रमुख प्रतिपक्षी दल माओवादीमा अध्यक्ष प्रचण्डको विकल्पबारे दोस्रो तहका नेताहरू एकजुट हुँदै गएका छन् ।

**नारायणकाजी श्रेष्ठ**
वरिष्ठ उपाध्यक्ष

अध्यक्षको प्रस्तावअनुसार मंसिरमा विशेष महाधिवेशन सम्भव छैन । उहाँले नेतृत्वबाट राजीनामा दिँदै कार्यवाहक तोकेर अभिभावकत्वको भूमिकामा रहनु उपयुक्त हुन्छ ।

**जनार्दन शर्मा**
उपमहासचिव

प्रचण्डकै नेतृत्वको अपिल अब जनताले सुन्दैनन् । जनताले सुन्नेगरी अपिल गर्न सक्ने नयाँ अनुहारहरू अगाडि सार्न जरुरी छ । नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरौं ।

**हितराज पाण्डे**
सचिव


पार्टीको विशेष महाधिवेशन गर्ने र स्वाधीनता रक्षा गर्ने सवालमा पार्टी अध्यक्ष प्रचण्डको प्रस्ताव ठिक छ । त्यो प्रस्तावलाई स्वीकार गर्नुपर्छ

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ असोज

आफूलाई पार्टीमा निर्विकल्प नेतृत्व ठान्दै आएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' यतिबेला घेरा बन्दीमा परेका छन् । अध्यक्ष प्रचण्डलाई अध्यक्षबाट हटाउन वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव जनार्दन शर्मा 'प्रभाकर'बीच मतैक्यता हुँदा प्रचण्ड अप्ठ्यारोमा परेका हुन् ।

अध्यक्ष प्रचण्डले आफ्नो प्रतिवेदनमार्फत साम्राज्यवाद र दलाल पुँजीवादविरुद्ध पार्टीले राष्ट्रिय आन्दोलनलाई मुख्य राजनीतिक एजेन्डा बनाउनुपर्ने आवश्यकता औंल्याएका छन् । विशेष महाधिवेशनअघि नै समाजवादी मोर्चामा आबद्ध दलसँगको एकता हुन सक्ने विषय पनि उठाउँदै उनले भनेका छन्, 'दलहरूसँग एकता र ध्रुवीकरणको प्रक्रिया अघि बढिरहेको छ । विशेष महाधिवेशनभन्दा अघि नै एकता महाधिवेशन गर्नुपर्ने परिस्थिति आउन सक्छ ।' आगामी मंसिरमा विशेष महाधिवेशन घोषणा गर्दै वर्तमान केन्द्रीय समिति विघटन गरी महाधिवेशन आयोजक समितिमा रूपान्तरण गर्ने प्रस्ताव प्रचण्डले बैठकमा पेस गरेका हुन् । तर दोस्रो तहका नेताहरूले अध्यक्ष प्रचण्डको पृष्ठ २ मा

# निगरानीमा शीर्ष नेता





नेताहरूको पासपोर्ट रोक्का मात्रै होइन, आवश्यक परे अनुसन्धानको दायरामा पनि ल्याइनेछ ।

**जगदीश खरेल**
मन्त्री, सूचना तथा सञ्चार

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ९ असोज

सरकारले राजनीतिक दलका शीर्ष नेतामाथि निगरानी बढाएको छ । जेनजनी आन्दोलनबाट भागेको दलीय सरकारका प्रधानमन्त्री, गृहमन्त्रीसहित शीर्ष नेतामाथि सम्पत्ति शुद्धीकरण विभाग, नेपाल प्रहरीको सिआइबी र राहदानी विभागले पासपोर्ट रोक्का गर्नेबारे छलफल थालेको हो ।


आन्दोलनको जगबाट विस्थापित केपी शर्मा ओली नेतृत्वको सरकारका ठाउँमा राष्ट्रपति रामचन्द्र पौडेलले संसद् विघटन गर्दै प्रतिनिधि सभाको निर्वाचन गर्ने प्रयोजनका लागि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री बनाएका थिए । कार्की नेतृत्वको अन्तरिम सरकारले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधव नेपाल, पूर्वगृहमन्त्री रमेश लेखक, पूर्वमन्त्रीहरू आरजु देउवा, दीपक खड्का, पृथ्वीसुब्बा गुरुङसहित नेताहरूको पासपोर्ट रोक्का प्रक्रिया अघि बढाएको विशेष स्रोतको दाबी छ । उनीहरूमाथि छानबिन प्रक्रिया नै अघि बढाउनेगरी पृष्ठ २ मा

हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं ।

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हातधुन सिकाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कात्तिकभर मतदाता नामावली संकलन



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ असोज

आगामी कात्तिक महिनाभर मतदाता नामावली संकलन हुने भएको छ । निर्वाचन आयोगका अनुसार निर्वाचन कार्यालय वा अनलाइनमार्फत मतदाता नामावलीमा नाम दर्ता गर्न सक्नेछन् ।

मतदाता नामावली संकलनका लागि सहज हुनेगरी सरकारले अध्यादेश ल्याएपछि निर्वाचन आयोगले मतदाता नामावली संकलनका लागि समय यकिन गरेको हो । सामान्य अवस्थामा निर्वाचनको मिति घोषणा भएपछि मतदाता नामावली संकलनको कार्य रोकिन्छ । जेनजी आन्दोलन पनि प्रतिनिधि सभा विघटन हुन पुगेको र यो विशेष परिस्थितिमा निर्वाचनको मिति घोषणा भएको भनेर सरकारले अध्यादेश ल्याएको छ । लगत्तै बिहीबार बसेको निर्वाचन आयोगको बैठकले अध्यादेश कार्यान्वयन गर्नेगरी कार्यविधि तय गरेको हो । तय भएको कार्यविधिअनुसार कात्तिकभर मतदाता नामावली संकलन हुनेछ ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरका अनुसार निर्वाचन आयोगले जेनजीलाई लक्षित गरी अध्यादेशमार्फत खुला गरेपछि मतदाता नामावली संकलन सुरु गरिएको हो ।

गत भदौ २३ र २४ गते जेनजीले आन्दोलन गरेपछि तत्कालीन पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा कामदारलाई छुरा हान्ने भियतनामीलाई जेल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज

नेपाली कामदारलगायतलाई छुरा प्रहार गर्ने एक भियतनामी नागरिकलाई मलेसियाको एक अदालतले २० हजार रिंगेट जरिमाना र आठ महिनाको जेल सजाय सुनाइएको छ ।

मलेसिया मजिस्ट्रेट अदालतले पाँच वटा छुट्टाछुट्टै आरोपमा दोषी ठहर गरेपछि भियतनामी पुरुष ३६ वर्षीय न्गुयेन मिन्ह होआलेलाई उक्त सजाय सुनाएको मलेसियाको सरकारी सञ्चारमाध्यम बेर्नामाले उल्लेख गरेको छ । उनले नेपाली कामदारसहित दुई पुरुष र ११ महिनाको बच्चालाई चक्कुले हानेर चोट पुऱ्याएका थिए । झगडाको क्रममा उनले चक्कु प्रयोग गरेर एक शिशुलाई चोट पुऱ्याउने प्रयास गर्दा बच्चाको सुरक्षाका क्रममा नेपालीलाई पनि छुरा प्रहार गरेका थिए ।

ओभरस्टे भई मलेसियामा बसेका ती भियतनामी नागरिकमाथि सुपरमार्केटबाट १८० रिंगेट मूल्यको झिंगा, गंगटा, क्ल्याम, सेन्कारु माछा र कुखुरा चोरी गरेको अभियोग पनि समावेश रहेको समाचारमा उल्लेख छ ।

## विपिनको रिहाइका लागि आमा र बहिनी अमेरिकामा

**काठमाडौं/रासस–** प्यालेस्टिनी लडाकु समूह हमासको कब्जामा रहेका कञ्चनपुरका विपिन जोशीको रिहाइको पहलका लागि आमा पदमा र बहिनी पुष्पा जोशी बुधबार साँझ अमेरिका गएका छन् ।

दाइ विपिनको सकुशल रिहाइका लागि अन्तर्राष्ट्रिय दबाब बढाउनका लागि आमालाई लिएर अमेरिका जाने कार्यक्रम तय भएको बहिनी पुष्पाले जानकारी दिइन् । 'यसअघि इजरायल गएझैं अन्तर्राष्ट्रिय मञ्चमा दाइको सकुशल रिहाइका लागि यसपटक अमेरिका जान लागेका हौं,' उनले अमेरिका जानुअघि भनिन्, 'दाइको रिहाइको विषय अन्तर्राष्ट्रिय विषय भएकाले अन्य देशका नागरिकलाई पनि यसमा आवाज उठाउन विनम्र अनुरोध गर्छु ।' पृष्ठ २ मा

SURYA NEPAL
PRIVATE LIMITED
ENDURING VALUE FOR ALL STAKEHOLDERS

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१० असोज २०८२ शुक्रबार
26 September 2025 Friday

## प्रकाश...

प्रस्तावअनुसार विशेष महाधिवेशन गरेर जान सम्भव नभएको दाबी गर्दै आएका छन् । तीन दशकसम्म एकै व्यक्ति प्रमुख नेतृत्वमा रहँदा नागरिकमा नकारात्मक सन्देश गएको भन्दै अध्यक्ष प्रचण्डले तत्काल राजीनामा दिनुपर्ने वरिष्ठ उपाध्यक्ष श्रेष्ठले बताए । पार्टी केन्द्रीय समितिको बैठकमा फरक प्रस्ताव पेस गर्दै उनले मंसिरमा विशेष महाधिवेशन असम्भव रहेको दाबी गर्दै अहिले नै कार्यवाहक अध्यक्ष तोकेर चुनावमा जाने र त्यसलगत्तै पार्टी महाधिवेशन गर्नुपर्ने धारणा राखेका छन् । फागुन २१ मा हुने निर्वाचनमा कार्यवाहक अध्यक्षकै नेतृत्वमा अघि बढ्न प्रचण्डले पद त्याग गर्नुपर्ने दबाब पार्टीभित्र बढ्दो छ ।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठ अहिले कार्यवाहक जिम्मेवारी लिएर चुनाव गराउने र चुनावपछि विशेष महाधिवेशनमा जाने योजनामा छन् । 'अहिले संस्थागत प्रणालीअन्तर्गत दोस्रो वरीयताका नेतालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएर पार्टी पुनर्गठनको सन्देश दिन र जनतालाई अपिल गर्नु सकारात्मक कदम हुनेछ,' श्रेष्ठले भनेका छन् ।

श्रेष्ठलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएर जाने प्रस्तावमा उपमहासचिव जनार्दन शर्माको पनि समर्थन छ । आगामी महाधिवेशनबाट आफू नेतृत्वमा पुग्ने योजना बनाएका शर्माले अहिले श्रेष्ठलाई कार्यवाहक दिएर जाँदा पुस्तान्तरणको बहसले सार्थकता पाउने बताएका छन् । प्रचण्डलाई अध्यक्षबाट हटाएर प्रतिनिधिसभा निर्वाचनपछि हुने महाधिवेशनमा आफू नेतृत्वमा स्थापित हुने दाउमा उनी छन् । शर्माले पेस गरेको फरक प्रस्तावमा पनि अब प्रचण्डको अपिल जनताले नसुन्ने दाबी गरिएको छ । केन्द्रीय कमिटी बैठकमा पेस गरेको उक्त प्रस्तावमा भनिएको छ, 'अहिलेकै नेतृत्वको अपिल अब जनताले सुन्दैनन् । जनताले सुन्नेगरी अपिल गर्न सक्ने नयाँ अनुहारहरू अगाडि सार्न जरूरी छ । त्यसका लागि नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरौं ।'

माओवादी केन्द्रका एक पदाधिकारी भने शर्मा प्रचण्डलाई अहिले गलाएर नेतृत्वमा पुग्ने रणनीतिमा रहेको बताउँछन् । उनले मध्यान्हसँग भने, 'अहिले कमरेड अध्यक्षलाई हटाएर वरिष्ठ उपाध्यक्षलाई कार्यवाहक दिएर जाने र सात/आठ महिनापछि महाधिवेशनमा जाँदा आफू नेतृत्वमा स्थापित हुन सक्ने जोड घटाउका साथ जनार्दनजी लागिरहनुभएको छ । तर उहाँलाई पनि अरू नेताहरूले मानिहाल्ने अवस्था रहँदैन ।'

नेतृत्व हस्तान्तरणबारे लामो समयदेखि प्रचण्डको विकल्प खोज्दै आएका शर्मा यसअघिका बैठकमा एक्लिँदै आएका थिए । माओवादीको गत साउनमा भएको बैठकमा समेत जनार्दनविरुद्ध केन्द्रीय समितिका अधिकांश नेताहरू खनिएका थिए ।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठको फरक प्रस्तावमा विगतमा दाहालको नेतृत्वले पुऱ्याएको योगदानलाई उच्च मूल्यांकन गर्नुपर्ने भन्दै लेखेका छन्, ' अध्यक्ष कमरेडको कार्यकारी नेतृत्वको जिम्मेवारीबाट बिदाइ उहाँप्रतिको सम्मानलाई कायम राख्दै र उहाँको निरन्तरको वैचारिक, निर्देशनात्मक र अभिभावकीय भूमिका स्थापित गरिनुपर्छ ।'

नेपालको ऐतिहासिक राजनीतिक परिवर्तनका निम्ति जनयुद्धको मुख्य भूमिका यथार्थ रहेको र त्यसमा प्रचण्डको मुख्य योगदान रहेको तथ्य सर्वस्वीकार्य रहेको पनि श्रेष्ठले बताएका छन् । तर एउटै व्यक्ति तीन दशकसम्म नेतृत्वमा रहँदा आमरूपमा नकारात्मक सन्देश गएको उनको दाबी छ । 'जेन-जी आन्दोलनपछि प्रमुख पार्टीहरूको प्रमुख नेताहरूका सन्दर्भमा जनमानसमा परेको वा पारिएको पर्सेप्सनको परिप्रेक्ष्यमा जनतामा अपिलसहित पार्टी निर्माण प्रक्रियामा अघि बढ्न आजको सन्दर्भमा नयाँ ढंगले अघि बढ्नु आवश्यक छ । त्यसका लागि अध्यक्ष प्रचण्डले कार्यकारी भूमिका छाडेर अभिभावकत्वको भूमिकामा रहनु उपयुक्त हुन्छ,' उनले प्रचण्डले छाड्नुपर्ने तर्क पेस गर्दै भनेका छन् । नारायणकाजी श्रेष्ठ 'प्रकाश' र 'प्रभाकर'ले घेराबन्दीको कोसिस गरे पनि केन्द्रीय कमिटीका ठुलो संख्या भने प्रचण्डले तत्काल नेतृत्व छाड्न नहुने पक्षमा खुलेका छन् ।

अध्यक्ष प्रचण्डमाथि दोस्रो तहका नेताहरूले नेतृत्वबाट तत्काल हट्न दबाब बढाए पनि वर्तमान राजनीतिक परिस्थितिमा प्रचण्डले प्रस्तुत गरेको प्रतिवेदन नै सही भएको पार्टी सचिव हितराज पाण्डले बताए । केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष प्रचण्डले राखेको प्रस्तावलाई स्वीकार गरेर जाँदा नै उपयुक्त हुने उल्लेख गर्दै उनले मध्यान्हसँग भने, 'पार्टीको विशेष महाधिवेशन गर्ने र स्वाधीनताको रक्षा गर्ने सवालमा पार्टी अध्यक्ष प्रचण्डको प्रस्ताव ठिक छ ।' विभिन्न १० वटा समूह बनाएर छलफल जारी रहेकाले शुक्रबारसम्म यो विषयमा निष्कर्ष निस्कने पाण्डेले बताए ।

## कात्तिकभर...

प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए । त्यसपछि प्रतिनिधि सभाबाट नै सरकार बनाउने अवस्था रहेन । त्यसपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको छ । कार्की नेतृत्वको अन्तरिम सरकारको सिफारिमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा विघटन गरेर आगामी २१ फागुनमा चुनावको मिति तोकेका छन् ।

तोकिएको प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गरी मतदाता नामावली संकलन सुरु गरिएको आयोगले जनाएको छ ।

आयोगका अनुसार १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नागरिकहरूले प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयहरूमा गएर नाम दर्ता गर्न सक्नेछन् । सार्वजनिक बिदाको दिनबाहेक बिहान ८ बजेदेखि बेलुकी ६ बजेसम्म नामावली दर्ता गर्न सक्नेछन् ।

राजनीतिक परिवर्तनका लागि भूमिका निर्वाह गरेका थुप्रै युवाहरूको योग्यता पुगेर पनि मतदाता नामावलीमा नाम दर्ता नभएकाले उनीहरूका लागि नाम दर्ता गराउने कानुनी गाँठो फुकाउन सरकारले अध्यादेश ल्याएपछि आयोगले मतदाता नामावली संकलन सुरु गरेको हो ।

मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रममा कानुनबमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले आफ्नो नाम दर्ता गर्न सक्ने व्यवस्थाका अतिरिक्त विवाह भई अन्यत्र गएका, बसाइँसराइ गरेका मतदाताले ठाउँसारी गर्न सक्ने र नाम तथा अन्य विवरणमा त्रुटि भएमा सच्याउन सकिनेसमेत व्यवस्था मिलाइएको छ ।

## निगरानीमा...

सरकारले यस्तो कदम चालेको बताइएको छ । सरकार प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले शीर्ष नेताहरूको पासपोर्ट रोक्का गर्ने विषयमा अध्ययन गरिरहेको पुष्टि गरेका छन् । तर उनले कोको नेताको पासपोट रोक्का गर्ने भन्ने विषयमा खुलाउन चाहेनन् । बिहीबार मन्त्रिपरिषदको बैठकपछि पत्रकारहरूसँग कुराकानी मन्त्री खरेलले पासपोर्ट रोक्काबारे राज्यका संयन्त्रले अध्ययन गरिरहेको बताए । नेताहरूको पासपोर्ट रोक्का मात्रै नभएर आवश्यक परे उनीहरूलाई अनुसन्धानको दायरामा पनि ल्याउन सक्ने खरेलको भनाइ छ ।

माओवादी अध्यक्ष प्रचण्डको पछिल्लो अभिव्यक्तिले पनि त्यसतर्फ संकेत गरेको छ । उनले बिहीबार पार्टी बैठकमा सम्बोधन गर्दै भनेका छन्, 'नेताहरूलाई विभिन्न बहानामा जेल हाल्ने र प्रतिक्रियावादीले संविधान मास्ने, अन्तरिम सरकार जारी गर्ने र देशमा विभिन्न बहानामा अराजकता मच्चाएर प्रतिगामी शक्ति हावी गराउने खेल भइरहेको छ ।' यसबाट उनी अत्तालिएको सन्देश गएको छ ।

पूर्वप्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु देउवा राणाले यही असोज ३ गते नयाँ पासपोर्ट (राहदानी) बनाएको बताइएको छ । गत आन्दोलनका क्रममा घर जलाउँदा सबै कागजात जलेकाले नेताहरूले राहदानी बनाएका हुन् । नेताहरूले नयाँ पासपोर्ट बनाएको सूचना सरकारले केही दिन अगाडि नै पाएकाले विदेश जान सक्ने भन्दै तत्कालका लागि पासपोर्ट रोक्काको तयारी भएको सरकारले जनाएको छ ।

सम्पत्ति शुद्धीकरण विभाग, नेपाल प्रहरीको सिआइबी र राहदानी विभागले उनीहरूको पासपोर्ट रोक्का गर्नेबारे छलफल गरिरहेको स्रोतले बतायो । सम्पत्ति शुद्धीकरण विभागले राहदानी विभागलाई पत्राचार गऱ्यो भने उनीहरूको पासपोर्ट रोक्का हुन सक्छ । राहदानी ऐन २०७६ को दफा १२ मा भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको छानबिन गर्ने अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न वा रोक्का राख्न लेखेर पठाउन सक्नेछ । केही दिन अगाडि सम्पत्ति शुद्धीकरण विभागको टोलीले देउवा निवासबाट मुचुल्का उठाएको थियो । देउवा निवासमा पैसा भेटिएको भिडिओ सार्वजनिक भएपछि त्यसबारे छानबिन गर्न सम्पत्ति शुद्धीकरण विभागको टोली मुचुल्का उठाउन पुगेको हो । पूर्वऊर्जामन्त्री दीपक खड्काको घरबाट प्रदर्शनकारीले पैसा फाल्दै गरेको भिडिओ पनि सार्वजनिक भएको थियो । यसपछि विभागको टोली त्यहाँ पनि मुचुल्का उठाउन पुगेको थियो ।

## विपिनको...

विपिनको रिहाइका लागि यसअघि इजरायल सरकारले आमा पदमा र बहिनी पुष्पालाई इजरायल लगेको थियो । यसपटक पनि इजरायलले नै संयुक्त राष्ट्रसंघसम्म पुऱ्याउने तयारीका साथ अमेरिका जान सहयोग गरेको जनाइएको छ ।

गत शनिबार हमासले नियन्त्रणमा रहेका विपिन जोशीसहित ४८ जना बन्धकको 'बिदाइ तस्बिर' भन्दै सार्वजनिक गरेको थियो । विपिनको परिवारले इजरायलले आक्रमण बढाएपछि दबाब सिर्जना गर्न उक्त तस्बिर सार्वजनिक गरिएको हुनसक्ने आशंका गरेको छ । 'सरकारले कतारलगायतका देशसँग पहल गरिदिए रिहाइ हुन्थ्यो कि भन्ने लाग्छ,' विपिनका बुबा महानन्द जोशीले भने, 'विपिन फर्किन्छन् कि भनेर आशामै दुई वर्ष बित्यो । अब छोराको सकुशल रिहाइका लागि सरकारले थप पहल गरोस् ।'

सुदूरपश्चिम विश्वविद्यालयको 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेका विपिनसहित अन्य नेपाली विद्यार्थी हमासको आक्रमणमा परेका थिए । आक्रमणमा परी १० नेपाली विद्यार्थीको ज्यान गएको थियो ।

## संस्था बिघटन गर्ने ३५ दिने सूचना

**प्रकाशित मिति २०८२/०६/१०**

*यस जुल्फादेवि आमा समूह बिघटन गर्ने प्रक्रियामा भएको हुँदा यस समूहबाट नेपाल सरकार, बैंक तथा वित्तिय संस्था, कुनै संघ संस्था तथा व्यक्तिले कुनै पनि भुक्तानि लिन बाँकि भएमा आवश्यक कागजात सहित यो सुचना प्रकाशित मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क गर्नुहुनको लागि अनुरोध साथ यो सुचना प्रकाशित गरिएको छ ।*

**जुल्फादेवि आमा समूह**
सुर्यविनायक-५, भक्तपुर

## कुवेतमा रोजगार

कम्पनी: FNK CONSUMER ORDER DELIVERY COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/०९ — चलानी नं.: ६०२४५३३३ — LT. No.: 331288

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 44 | 0 | स. काममा दक्ष | 140 | ६५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: PROTECT GENERAL CLEANING SERVICES COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/०९ — चलानी नं.: ६०२४५३४१ — LT. No.: 331612

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | INDOOR CLEANER | 5 | 5 | स. काममा दक्ष | 90 | ४१,८२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १७ गते (3 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

aayush
Govt.Lic.No. 1341/074/075
**AAYUSH OVERSEAS PVT. LTD.**
Bhimsengola-31, Katyayani Chowk, Kathmandu | Tel: 01- 5918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**कोशी प्रदेश**
# प्रादेशिक अस्पताल भद्रपुर
**झापा**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०६/१०**

यस अस्पतालमा आ.व. २०८२/०८३ को लागि तपशिलमा उल्लेखित असपताल फार्मेसी तथा अस्पतालको लागि निर्माण, औषधी निशुल्क औषधी तथा औषधीजन्य सामग्री, सर्जिकल तथा सर्जिकलजन्य सामान, ल्याव केमिकल्स, रिएजेन्ट (म्यानुएल), ल्याव केमिकल्स रिएजेन्ट (मेशिनबाट हुने क्लोज), एक्स रे फिल्म, र डाइलाईसिसका औषधी तथा सर्जिकल सामानहरुको बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले मु.अ.करमा दर्ता भएका नेपाल सरकारबाट इजाजत प्राप्त थोक विक्रेता, सप्लायर्स, फर्म तथा कम्पनीहरुबाट रितपूर्वक शिलबन्दी बोलपत्र सार्वजानिक अरिद अनुगमन कार्यालय (PPMO) को वेवसाइड WWW.bolpatra.gov.np/egp मार्फत पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारी एवं शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| ठेक्का नं. | विवरण | बोलपत्र दस्तुर | धरौटी रकम | लागत रकम |
|---|---|---|---|---|
| PH/Koshi/NCB-1/82/083 | Procurement of Medicine, & Related Items for Hospital Pharmacy and hospital used | 5000.00 | 1815000.00 | NA |
| PH/Koshi/NCB-2/082/083 | Procurement of Lab chemicals and Reagents & Related Items for Hospital supply (Manual) | 5000.00 | 720000.00 | |
| PH/Koshi/NCB-3/82/083 | Procurement of Lab chemicals and Reagents & Related Items for Hospital supply_(Closed Machine- Biochemistry Automated Analyzer zybio EXC420 | 3000.00 | 100000.00 | |
| PH/Koshi/NCB-4/82/083 | Procurement of Lab chemicals and Reagents & Related Items for Hospital supply_(Closed Machine-Abbott biochemistry Architect c4000 | 5000.00 | 545000.00 | |
| PH/Koshi/NCB-05/82/083 | Procurement of Lab chemicals and Reagents & Related Items for Hospital supply_(Closed Machine-Abbott Clia machine | 3000.00 | 260000.00 | |
| PH/Koshi/NCB-06/82/083 | Procurement of Lab chemicals and Reagents & Related Items for Hospital supply_(Closed Machine- **Clia machine** (Lyfotronic EXL8000) | 3000.00 | 230000.00 | |
| PH/Koshi/NCB-07/82/083 | Procurement of X-ray Flim (DR)& Related Items for Hospital supply_(Konica) | 3000.00 | 150000.00 | |
| PH/Koshi/NCB-08/82/083 | Procurement of Lab chemicals and Reagents & Related Items for Hospital supply_(Closed Machine-**Electrolyte Analyser** (CBS 4000) | 3000.00 | 75000.00 | |
| PH/Koshi/NCB-09/82/083 | Procurement , & Related Items for Dialysis surgical and other items for hospital use | 3000.00 | 370000.00 | |
| PH/Koshi/NCB-10/82/083 | Procurement , & Related Items for Surgical items Pharmacy and hospital use | 5000.00 | 1200000.00 | |
| PH/KOSHI/SQ/W/01/82/83 | Construction of Parking in Hospital Area | 1000.00 | 46000.00 | 1835309.35 (Including VAT &PS) |

नि. प्रमुख मडिकल सुपरिन्टण्डेन्ट

**Province Government**
**Ministry of Health**
**Koshi Province, Nepal**
**Health Directorate**
# Madan Bhandari Hospital Tatha Trama Center
**Mangalbare, Urlabari, Morang**

## Tender Notice

**Contract Identification :- MBHTC /G/NCB-2(1S 2E) /2082/2083**
**1st Date 0f Publication :- 2025-09-26**

1. The **Madan Bhandari Hospital Tatha Trama Center** invites **NCB Electronic** bids from eligible bidders for the procurement of **Supply And Installation Of X-ray DR Machine 500MA With Flat Panel Detector System** under National competitive bidding – Single-Stage: Two Envelope Bidding Procedure.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the **Madan Bhandari Hospital Tatha Trama Center** Tel: 021-410053, Email: mbhtc.np@gmail.com , Website:www.mbhtc.p1.gov.np. or You can also visit **www.bolpatra.gov.np/egp.**
3. Interested bidders shall register in the **e-GP system** and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| **Name of Bank :-** | Rastriya Banijya Bank |
| **Name of the Office :-** | Madan Bhandari Hospital Tatha Trama Center |
| **Office Code No :-** | 3700213011 |
| **Office Account No :-** | 1000100201010001 |
| **Revenue Head No :-** | 14229 |

4. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of **Madan Bhandari Hospital Tatha Trama Center,Mangalbare,Urlabari,Morang,** on or before **12:00 (Noon)** on **2025-10-26** Bids shall be opened in the presence of Bidders representatives who choose to attend on **2.00 PM** on **2025-10-26** at office of **Madan Bhandari Hospital Tatha Trama Center, Mangalbare,Urlabari,Morang.**
5. Matters not covered by this notice shall be in accordance with **Public Procurement Act-2063. Public Procurement Regulations-2064** and their amendments.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

**Details**

| S. N. | Contract Identification No | Description of Items | Estimate Amount (NRs) (Excluding VAT) | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity | Minimum Bid Security Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MBHTC /G/ NCB-2(1S 2E) /2082/2083 | Supply And Installation Of X-ray DR Machine 500MA With Flat Panel Detector System | 44,18,288.20 | 3,000.00 | 2120100202030000 | 1,25,000.00 | 90 Days | 2026-02-23 |

**Act.Medical Superintendent**
**Madan Bhandari Hospital Tatha Trama Center**

# सिटिइभिटीका १३ वर्षदेखिका आवेदन छानबिन गर्न शिक्षामन्त्रीको निर्देशन

**काठमाडौं /मस-** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(सिटिइभिटी)को सुधारका लागि तत्काल कार्यान्वयन गर्न चारवटा महत्वपूर्ण निर्देशनहरू जारी गरेका छन् ।

परिषद्को अध्यक्षको हैसियतमा बिहीबार बसेको बैठकमा उनले पाठ्यक्रम परिमार्जन, समयमै नतिजा प्रकाशन, गुनासो सुनुवाइ संयन्त्र निर्माण र विगत एक दशकदेखि रोकिएका सम्बन्धनका फाइलहरू तत्काल टुंग्याउन निर्देशन दिएका हुन् ।

मन्त्री पुनले २०६९ सालदेखि हालसम्म सम्बन्धनका लागि परेका सम्पूर्ण आवेदनहरूको छानबिन गरी असोज मसान्तभित्र प्रतिवेदन पेस गर्न र सम्बन्धन दिने वा नदिनेबारे तत्काल निर्णय लिन निर्देशन दिएका हुन् ।

उनले हालको पाठ्यक्रमलाई सुधार गरी नवप्रवर्तनलाई समावेश गर्न आवश्यक खाका तयार गरी सोही समयसीमाभित्र पेस गर्न पनि निर्देशन दिएका छन् ।



विश्वविद्यालयहरूलाई दिएको निर्देशन जस्तै, मन्त्री पुनले सिटिइभिटिलाई पनि एकीकृत शैक्षिक क्यालेन्डर निर्माण गरी परीक्षाफल ३ महिनाभित्र अनिवार्य रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाउन भनेका छन् । विद्यार्थी, अभिभावक र शिक्षकहरूका गुनासोलाई तत्काल सम्बोधन गर्न परिषद्को कार्यालयमा छुट्टै गुनासो सुनुवाइ शाखा स्थापना गरी सञ्चालनमा ल्याउन पनि उनले निर्देशन दिए ।

मन्त्री पुनले सामाजिक सञ्जालमार्फत यी निर्देशनहरू सार्वजनिक गर्दै यस्तै यस्तै अरु केहि सानातिना निर्णयहरु भएका छन् भनी उल्लेख गरेका छन् ।

**विद्यालय कर्मचारीको ध्यानाकर्षण**

यसैबीच शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पुनसमक्ष नेपाल विद्यालय कर्मचारी परिषद्ले सामुदायिक विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्नुपर्ने लगायत माग प्रस्तुत गरेको छ ।

परिषद्ले विद्यालय कर्मचारीका लामो समयदेखि थाँती रहेको समस्या र विगतमा सरकारसँग भएका सहमतिका आधारमा उचित सम्बोधनका लागि शिक्षामन्त्री पुनलाई आज केशरमहलस्थित मन्त्रालयमा भेटेर आग्रह गरेको जनाइएको छ ।

परिषद्का केन्द्रीय अध्यक्ष गङ्गाराम तिवारीले शिक्षामन्त्री पुनले आफूलाई विद्यालय कर्मचारीका समस्या थाहा भएको र चाडपर्वपछि आपसमा बसेर के सम्बोधन गर्न सकिन्छ गरौंला भन्ने आवश्वासन दिनुभएको जानकारी दिए । मन्त्री पुनले वर्तमान सरकार निर्वाचन गराउने मुख्य दायित्वका साथ आएकाले धेरै अपेक्षा नगर्न पनि आग्रह गरेका थिए ।

परिषद्का बागमती प्रदेश कमिटीका अध्यक्ष रामशरण फुयाँलले प्रत्येक सामुदायिक विद्यालयमा एक कम्प्युटर शिक्षकको दरबन्दी राख्न शिक्षामन्त्री पुनको हालैको निर्देशनलाई सकारात्मक मान्दै कम्प्युटरमा क्षमतावान लेखापाललाई नै उक्त दरबन्दीमा रुपान्तरण गर्न सकिने सुझाव मन्त्री पुनलाई दिइएको बताए । प्रदेश अध्यक्ष फुयाँलले त्यती रकमले कसरी ती कर्मचारीले परिवार पाल्ने भन्ने विषयमा गम्भीर भएर सोच्न मन्त्रालयलाई ध्यानाकर्षण गराइएको बताए ।

सर्वोच्च अदालतको २०६७ माघ २३ को आदेशमा कर्मचारीको सेवा, शर्त, सुविधा उल्लेख गरी सर्भिस ल बनाइ कार्यान्वयन गर्न उल्लेख गरिए पनि हाल विद्यालयका लेखापालले मासिक १५ हजार र कार्यालय सहायकले १० हजार पाउँदै आएका छन् । संघीय संसद्मा विचाराधीन रहेको विद्यालय शिक्षा विधेकमा विद्यालय कर्मचारीलगायतका समस्या सम्बोधनको पहल गरिएको भए पनि प्रतिनिधिसभाको विघटन भएकाले अहिले कानुन बन्ने स्थिति छैन ।

# शिक्षासँगै सुरक्षा कार्यक्रम प्रभावकारी बन्दै

**प्रदीप ज्ञवाली /मध्यान्ह**
सैनामैना, ९ असोज

सैनामैना नगरपालिका-७ देउवापारमा रहेको बुद्ध इङलिस स्कुलमा शिक्षा साथै सुरक्षा कार्यक्रम प्रभावकारी बन्न थालेको छ। शैक्षिक सत्रको सुरुमै घोषित गरेअनुसार सिद्धार्थ प्रिमियम इन्स्योरेन्ससँगको सहकार्यमा विद्यालयमा भर्ना भएका सम्पूर्ण विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूको बिमा लागू गरिएको थियो ।

सोही बिमा योजनाअनुसार विद्यालयमा वा विद्यालयबाहिर जहाँसुकै चोटपटक वा बिरामी भई उपचार गराउँदा लाग्ने खर्च बिमाबाट प्राप्त हुने व्यवस्था गरिएको छ । यसैअनुरूप हालै उपचार गराउनुपरेका दुई जना विद्यार्थीहरू कक्षा चारका रिदम बस्याल र कक्षा १० का जेनिश थापा बिमाबाट लाभान्वित भएका छन् । विद्यालय परिवार र सम्बन्धित बिमा कम्पनीले संयुक्त रूपमा ती विद्यार्थीहरूलाई बिमाबापतको रकम प्रदान गरेको जानकारी विद्यालयका प्रधानाध्यापक लेखनाथ गैरेले दिएका छन् । विद्यालयले आफ्ना सम्पूर्ण विद्यार्थीहरूको शिक्षा मात्र नभई स्वास्थ्य सुरक्षामा पनि विशेष ध्यान दिएको प्रमाणस्वरूप यो कदम महत्वपूर्ण रहेको प्रधानाध्यापक गैरेले बताए ।


## Masta Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhatekhola, Bajhang**
**Sudurpaschim Province**

**Invitation for Bid**

**Date of publication: (Sep-26,2025)**

1. *The Masta Rural Municipality Bhatekhola,Bajhang invites Online Bid from eligible bidders for the Construction of the following works.*

| Contract Identification no. | Description Of Work | Estimated Amount (Exclusive VAT) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| MRM-ICC-2082/83-05 | Kusyalata Bunga Dada Irrigation Canal Construction Work | **1,20,67247.62/-** | 3000/- | 4,10,0000/- | 120 days | |
| MRM-RDC-2082/83-06 | Masta RM ,Badegaun, Lataun to Rilu Road Construction Work | **76,33,662.184/-** | 3000/- | 2,20,000/- | 120 days | |

2. *Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .*

| Last Date and Time For Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date:Oct-26,2025 12:00 Noon | Date:Oct-26,2025 12:00 Noon | Date:Oct-26-2025 13:00 Hour |

| Cash Deposit For Purchases of Bid Document | | Cash Deposit For Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Name | Masta Rural Municipality | Account Name | Masta Rural Municipality |
| Account Number | 4110100301010006 | Account Number | 4110100303000006 |
| Office Code | 801077010 | Office Code | 801077010 |
| Revenue Head | 14229 | Revenue Head | 14229 |

***Chief Administrative Officer***


# भेरी नगरपालिका-५ का वडाध्यक्ष चन्दले दिए राजीनामा



**कुलेन्द्र शाही /मध्यान्ह**
जाजरकोट, ९ असोज

जाजरकोटको भेरी नगरपालिका-५ का वडाध्यक्ष लालबहादुर चन्दले पदबाट राजीनामाको घोषणा गरेका छन् । उनले बिहीबार सामाजिक सञ्जाल फेसबुकमार्फत स्ट्याटस लेख्दै वडाध्यक्ष पद छाड्ने घोषणा गरेका हुन् । चन्दले सेवाग्राहीहरूले वडाको कार्यालय खलंगामा सार्न निरन्तर दबाब दिएपछि काम गर्ने वातावरण नै नबनेको हुँदा आफूले वडाध्यक्ष पदबाट राजीनामा दिन बाध्य भएको गुनासो गरे ।

हाल वडा कार्यालय भेरी नगरपालिकास्थित काफलचौरमा छ । कोही सेवाग्राहीले हाल भएकै ठाउँबाट सेवा दिनुपर्ने भन्ने कोहीले खलंगामा लैजानुपर्ने भन्ने दबाब दिए । उनले भने, 'यसरी काम गर्ने वातावरण नै नभएकाले राजीनामाको घोषणा गर्न बाध्य भएँ ।' त्यस्तै, उनले नगर प्रमुख चन्द्र प्रकाश घर्ती सधैं कार्यालयमा नभेटिने गरेको उल्लेख गर्दै नगरप्रमुखका कारण पनि आफूले पदबाट राजीनामा दिएको बताए ।

उनले भने, 'वडाका सेवाग्राहीहरूले भूकम्प पुनर्निर्माणको कामका लागि दबाब दिएका थिए । तर, हामी नगरपालिकामा जाँदा मेयर साप जहिल्यै कार्यालयमै नभेटिने हुँदा समस्या भयो ।' चन्द २०७९ सालको स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट निर्वाचित भएर वडाध्यक्ष भएका थिए । उनले अब कांग्रेस पार्टी पनि परित्याग गर्ने तयारी गरेको बताए ।


## Government of Nepal
## Ministry of Energy, Water Resources & Irrigation
## Department of Water Resources & Irrigation
## Irrigation and Water Resources Management Project
**Dadeldhura**

**Invitation for Bids**

**Date of publication: 2082-06-10**

Irrigation and Water Resources Management Project, Dadeldhura invites electronic bids from the Nepalese eligible bidders for the following works under NCB Bidding procedure. Bidder may obtain further detailed information from the PPMO web portal www.bolpatra.gov.np/egp.

| S. N. | IFB No. | Description and Location of Work | Bid Document Fee, NRs. | Bid security amount, NRs | Last date of Bid Submission |
|---|---|---|---|---|---|
| 1. | IWRMP-Dadeldhura/Ghangreni/NCB-05/2082-83 | Construction of Gabion Revetment wall in Ghangreni dhanebagar, Khaptad chededa Bajura | 5,000.00 | 6,50,000.00 | 2082/07/12 12:00 PM |
| 2. | IWRMP-DADELDHURA/BGRB/NCB-04/2082-083 | Construction of Embankment with Launching and Sloping in Budiganga, Safebagar-02, Acham | 5,000.00 | 4,50,000.00 | 2082/07/12 12:00 PM |

**Project Chief**



## सडक डिभिजन भक्तपुर
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२/०६/१०**

यस डिभिजनको मिति २०८२/४/१५ को सूचना अनुसार देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं | सफल बोलपत्रदाता | मूल्याङ्कित रकम रु (भ्याट पि एस बाहेक) |
|---|---|---|---|
| १. | DROBKT/33701136/082/083/05 | मलिनिया निर्माण क. प्रा.ली | 1376820.44 |



## ༄༅། །ཤོད་རོ་ ང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
## Soluduhkunda Municipality
## Office of The Muncipal Executive
**Salleri, Solukhumbu**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**(First time Publication of date: 26th, Sep-2025 (2082-06 -10)**

1. Solududhkunda Municipality, Salleri Solukhumbu invites electronic bids from eligible bidders for the procurement of the following items under National Competitive Bidding - Single Stage Single Envelope procedures.

| IFB No. & Name of Assignment | Estimated Amount (NRs.) (Exclusive of VAT) | Bid Doc Fee | Bid Security Amount (NRs.) | Bid Validity Period | Bid bond security period |
|---|---|---|---|---|---|
| 01-WORKS-NCB-SDM-2082/83 Nunthala Bazar Byawasthapan work | 1,5206,759.63 | 3,000.0 | 4,35,000.0 | 90 Days | 120 Days |
| 02-WORKS-NCB-SDM-2082/83 Phaplu Ratnange Road Upgrading work | 9,794,613.78 | 3,000.0 | 2,80,000.00 | 90 Days | 120 Days |
| 03-WORKS-NCB-SDM-2082/83 Shivmandir-karagar-sherpa sewa kendra-gimmi rai building jodne Road Upgrading work | 2,636,214.16 | 3,000.0 | 75,000.00 | 90 Days | 120 Days |

2. Interested bidders should submit online bids electronically only through PPMO e-GP portal www.bolpatra,gov.np on or before the submission deadline started in respective bid documents.

**Chief Administrative Officer**



## काठ दाउरा बिक्रि लिलाम सम्बन्धि २१ दिने सूचना
**प्रथम पटक प्रकाशित २०८२/६/१० गते**

सुर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा ३ मा रहेको यस सामुदायिक वन उपभोक्ता समुहको बन क्षेत्रबाट आ.ब. २०८१/२०८२ मा सकंलन भएर उत्पादन भै सामुदायिक वनको घाटगद्दिमा रहेको साल जात काठ ९१ गोलिया थान ११०९.०० क्यु. फिट, खयर जातको काठ ३७७ गोलिया थान ४६७.५१ क्यु. फिट, अस्ना जातको काठ ४७ गोलिया थान ५९०.९० क्यु. फिट, जम्मा काठ ५१५ गोलिया थान २१६७.४१ क्यु. फिट काठ सामुदायिक वनको घाटगद्दिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ बिक्रि गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, सघं, सस्थां, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा. ब. उ. स को कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**श्री नवदुर्गा सामुदायिक बन उपभोक्ता समूह,**
**चौकुने गाउँपालिका ३, सुर्खेत**



## काठ दाउरा बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना
**प्रथम पटक प्रकाशित : २०८२/६/१० गते**

सुर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा ३ मा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०८१/२०८२ मा सकंलन भएर उत्पादन भै सामुदायिक वनको घाटगद्दिमा रहेको साल जात काठ १३८ गोलिया थान १५३७.८१ क्यु. फिट, खयर जातको काठ ५७३ गोलिया थान ६३८.६१ क्यु. फिट, अस्ना जातको काठ १६ गोलिया थान ३०८.१६ क्यु. फिट, जम्मा काठ ७२७ गोलिया थान २४८४.५९ क्यु. फिट काठ सामुदायिक वनको घाटगद्दि मा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा. व. उ. स. को कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**श्री भर्लिनी सामुदायिक वन उपभोक्ता समूह, चौकुने गाउँपालिका-३, सुर्खेत**

मध्यान्ह
www.madhyanhadaily.com
१० असोज २०८२ शुक्रबार
26 September 2025 Friday

सम्पादकीय

## कार्की आयोगमाथि गहन जिम्मेवारी

अन्तरिम सरकारले भदौ २३ गते जेनजी आन्दोलनमाथि भएको दमन र २४ गतेको विध्वंसबारे छानबिन गर्न विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा विज्ञानराज शर्मा र विश्वेश्वर भण्डारी सदस्य रहेको जाँचबुझ आयोग गठन गरेको छ । सो आयोगले मानवीय र भौतिक क्षतिको विवरण संकलन गर्ने निर्णयसहित बिहीबारदेखि काम सुरू गरिसकेको छ । आयोगले ७५ व्यक्तिको ज्यान जानेगरी भड्किएको हिंसा र राष्ट्रिय तथा व्यक्तिगत सम्पत्तिमाथि भएको क्षतिको निष्पक्ष र वस्तुनिष्ट छानबिन गरी प्रतिवेदन बुझाउनुपर्नेछ । जाँचबुझ प्रतिवेदनका आधारमा सरकारले घटनामा दोषीमाथि कारबाही गरे मात्र यस्ता आयोगको औचित्य पुष्टि हुनेछ ।

भदौको अन्तिम साताका दुई दिन संघीय राजधानी काठमाडौं र देशभर जेजस्ता घटना भए, ती सतहमा देखिएजस्तो मात्र पक्कै छैन । युवा पुस्ताको आन्दोलनलाई गृह प्रशासनले सुरूमा नजरअन्दाज गरियो भनेपछि स्थिति नियन्त्रणबाहिर गएपछि अस्वाभाविक बल प्रयोग भएको देखिन्छ । निषेधित क्षेत्रमा नजानेगरी सुरू भएको प्रदर्शन ढुंगामुढा गर्दै अघि बढेर संघीय संसद् भवन तोडफोड र आगजनी प्रयास गरेपछि प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा ठुलो मानवीय क्षति हुन पुगेको थियो । प्रहरीले प्रदर्शनको मूल्यांकन, विश्लेषण र पूर्वतयारी गर्न नसक्दा कलिला युवाहरूले अनाहकमा ज्यान गुमाए । त्यो घटना जति दुःखदायी र दण्डनीय छ, भदौ २४ गतेको विध्वंसले त्यो सन्तुष्टि र आक्रोश जेनजी आन्दोलनकारीको मात्र हो वा गम्भीर षडयन्त्र भन्ने छुट्ट्याउन मुस्किल पारेको छ । अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की स्वयंले नेपालीले यस्तो काम गर्नै नसक्ने टिप्पणी गर्दै गम्भीर षडयन्त्रको आशंका व्यक्त गरेकी छन् । राष्ट्रिय सम्पदाका रूपमा रहेको सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनदेखि देशभरका सरकारी अड्डा–अदालत एकै दिनमा स्वाहा पारिएको थियो । नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीले आआफ्ना मुख्यालयबाहेक अरू राष्ट्रिय तथा निजी सम्पत्तिको सुरक्षा गर्न सकेनन्, लुटपाट र आगजनीको रमिते मात्र बने । यी अकल्पनीय घटनाक्रमको गहिरो अनुसन्धान नगरी वास्तविकता बाहिर आउँदैन ।

अस्वाभाविक दमन र अकल्पनीय विध्वंसको सत्य–तथ्य, निष्पक्ष जाँचबुझ बाहिर ल्याउने जिम्मेवारी विगतमा निष्पक्ष र इमानदार न्यायाधीशको परिचय बनाएका कार्कीको काँधमा छ । २०४६ साल होस् वा २०६२/६३ का जनआन्दोलनमा भएका दमनबारे पनि जाँचबुझ आयोग बनेका थिए । ती आयोगका प्रतिवेदन पूर्णरूपमा कार्यान्वयन भएन । जसका कारण दण्डहीनताले मौलाउने मौका पायो । यसपटक त्यस्तो नहोस् । युवा आन्दोलनमाथिको दमन र जेनजीको काँधमा बन्दुक राखेर अर्को दिन गरिएको षडयन्त्रपूर्ण विध्वंसका दोषी उम्किन नपाऊन् ।

# राजनीतिमा पुस्तान्तरण र हस्तान्तरण

*पुस्तान्तरण र हस्तान्तरणको नीति लोकतान्त्रिक स्थायित्वका लागि अनिवार्य बन्नुपर्छ । जब राजनीति र नेतृत्वको प्रक्रिया पारदर्शी, उचित र समयमै हस्तान्तरण गरिन्छ, त्यसले राष्ट्रको समृद्धि र सामाजिक न्यायका लागि सकारात्मक प्रभाव पार्छ ।*

अग्रलेख



● कमलराज अधिकारी

राजनीतिमा पुस्तान्तरण र हस्तान्तरणको नीति अनिवार्य बन्नुपर्छ भन्ने विषयमा लेख्नुभन्दा पहिले, यसका मूल अर्थ र महत्वलाई बुझ्नु आवश्यक छ । 'पुस्तान्तरण' र 'हस्तान्तरण'जस्ता शब्दहरूको उपयोग राजनीतिक संरचनामा प्रणालीगत परिवर्तन र नयाँ नेतृत्वको निर्माणका सन्दर्भमा हुन्छ । पुस्तान्तरण भन्नाले राजनीतिक दल, संगठन वा सरकारको नेतृत्वलाई अर्को पुस्ताको हातमा सुरक्षित र व्यवस्थित तरिकामा सुम्पिनु हो । यसका परिणामस्वरूप नयाँ विचार र दृष्टिकोण प्रकट हुन सक्छन्, जसले संस्थागत परिवर्तन र सुधारमा सहयोग पुऱ्याउँछ । त्यस्तै, हस्तान्तरण भन्नाले वर्तमान नेतृत्वबाट आगामी नेतृत्वलाई जिम्मेवारी र अधिकारको हस्तान्तरण हो, जसले राजनीतिक स्थायित्व र प्रगतिमा मद्दत पुऱ्याउँछ ।

राजनीतिमा पुस्तान्तरण र हस्तान्तरणको प्रक्रिया कुनै पनि राष्ट्रको लोकतन्त्रको स्थायित्व र प्रगति सुनिश्चित गर्ने मुख्य आधार मानिन्छ । नेपाल जस्तो देशमा, जहाँ लामो समयदेखि राजनीतिक अस्थिरता र नेतृत्व परिवर्तनको समस्या रहेका छन्, यस नीतिको महत्व अझै बढी हुन्छ । यस लेखमा हामी यस अवधारणाको महत्व, कारण र यसलाई अनिवार्य बनाउनुपर्ने आवश्यकता विश्लेषण गर्नेछौं ।

पहिलो कुरा, पुस्तान्तरण र हस्तान्तरणको नीति लागू गर्दा, यो व्यवस्थाले राजनीति र व्यवस्थापनका पद्धतिहरूमा स्थायित्व ल्याउँछ । एक शक्तिशाली र स्थिर राजनीतिक नेतृत्वको अभावले देशमा विकासको प्रक्रिया र सामाजिक न्यायको कार्यान्वयनलाई अवरुद्ध गर्न सक्छ । यसको विपरीत, पुस्तान्तरण र हस्तान्तरणका प्रक्रियाहरूको नियमितता र पारदर्शिता यस समस्याको समाधान गर्न सक्छ । यसका माध्यमबाट दलहरू र सरकार नयाँ नेतृत्वको क्षमतामा विश्वास राख्न सक्नेछन्, जसले राष्ट्रको समृद्धि र प्रगति सुनिश्चित गर्छ ।

राजनीतिक दलका भित्र नेतृत्व परिवर्तनको प्रक्रिया प्रायः ठुलो विवाद र संघर्षको कारण बन्ने गरेको छ । इतिहासमा यस्ता धेरै उदाहरण देख्न सकिन्छ, जहाँ पुरानो नेतृत्वले नयाँ नेतृत्वलाई स्वीकृति दिनमा आनाकानी गरेको छ र यसले संस्थाको सामूहिक उद्देश्यविपरीत कार्य गराएको छ । यदि पुस्तान्तरण र हस्तान्तरणको प्रक्रिया कानुनी र संस्थागत ढाँचामा व्यवस्थित नहुँदा, राजनीतिक दलहरूको आपसी विवाद र संघर्षले लोकतान्त्रिक प्रणालीलाई संकटमा पार्न सक्छ । त्यसैले, यस प्रक्रियालाई विधिपूर्वक र सम्मानजनक तरिकामा स्थापित गर्न आवश्यक छ, ताकि कुनै पनि पार्टीको अस्तित्व र उद्देश्यको वैधता जाँच्न र नयाँ नेतृत्वलाई सहयोग पुऱ्याउन सकियोस् ।

पुस्तान्तरण र हस्तान्तरणको नीति सन् २०औं शताब्दीको अन्त्यमा धेरै विकसित राष्ट्रहरूमा लागू गरिएको थियो । यो प्रक्रिया खासगरी अमेरिकी र युरोपेली लोकतान्त्रिक देशहरूमा उच्च प्राथमिकतामा राखिन्छ । यस्ता राष्ट्रहरूमा, जहाँ एक नेता दोस्रो नेतृत्वलाई बिना कुनै राजनीतिक विघटन र अस्थिरता हस्तान्तरण गर्न सक्षम हुन्छ, त्यसले राष्ट्रको सामूहिक उद्देश्य र लोकतान्त्रिक मूल्यहरूको कदर बढाउँछ । यद्यपि, नेपालको सन्दर्भमा यस्तो प्रक्रिया धेरै जटिल छ र यसलाई कार्यान्वयन गर्न विभिन्न चुनौती छन् ।

नेपालमा, नेतृत्व परिवर्तन प्रायः संघर्ष र दबाबका साथ भएको छ । कतिपय अवस्थामा, पुरानो नेतृत्वको इच्छाशक्ति र कागजी प्रक्रिया तोडिएको छ, जसले नयाँ नेतृत्वको स्वागत र स्वीकार्यता सुनिश्चित गर्न सकेको पाइँदैन । यसको प्रमुख कारण पार्टीहरूको भित्रको गुटबन्दी र व्यक्तिगत स्वार्थ हो । यदि पुस्तान्तरण र हस्तान्तरणको नीति प्रचलनमा



ल्याइन्छ भने यसले पार्टीभित्रको गुटबन्दी र स्वार्थका खेललाई नियन्त्रण गर्न मद्दत पुऱ्याउँछ र देशका लागि सही र प्रभावकारी नेतृत्वको चयनमा सहायक बन्न सक्छ । यसले दलहरूको आन्तरिक लोकतन्त्रलाई पनि मजबुत बनाउँछ, जसबाट पार्टीका सदस्यहरूलाई आफ्नो विचार र आवाजलाई प्रतिनिधित्व गराउन अवसर मिल्दछ ।

आवश्यकतामा आधारित परिवर्तनको ढाँचा र संरचना बनाउँदा, यसले नीति निर्माण र राजनीतिक निर्णयमा पारदर्शिता ल्याउँछ । पुस्तान्तरण र हस्तान्तरणको प्रक्रिया नियमित र सुसंगत बनाउनाले, जनता र राजनीतिक दलहरूको बिचमा विश्वास निर्माण गर्न मद्दत गर्छ । यदि देशको राजनीतिक प्रक्रिया यसप्रकारका मापदण्डलाई स्विकार्छ भने यसले चुनावी प्रणाली र निर्वाचन प्रक्रियामा पनि विश्वसनीयता थप्नेछ । यसले गरिबी घटाउने, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने र समग्रमा सामाजिक र आर्थिक विकासको गति बढाउने कुरामा मद्दत पुऱ्याउँछ ।

यसका साथै, पुस्तान्तरण र हस्तान्तरणको नीति लागू गर्दा, राष्ट्रमा विभिन्न जनताको हिस्सेदारी बढाउँछ । जब नेतृत्व प्रक्रिया पारदर्शी र प्रतिस्पर्धात्मक हुन्छ, तब विभिन्न समूह र वर्गहरूको आबद्धता बढ्न सक्छ । यसले समावेशी राजनीति र समाजको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । त्यस्तो नेतृत्व, जुन मात्र एकतर्फी र अस्थिर हुँदैन, समाजका सबै वर्गका मानिसहरूलाई समान अवसर दिनेछ र यसले समग्र समाजको हितमा काम गर्ने सम्भावना बढाउँछ ।

पुस्तान्तरण र हस्तान्तरणको नीति लोकतान्त्रिक स्थायित्वका लागि अनिवार्य बन्नुपर्छ । जब राजनीति र नेतृत्वको प्रक्रिया पारदर्शी, उचित र समयमै हस्तान्तरण गरिन्छ, त्यसले राष्ट्रको समृद्धि र सामाजिक न्यायका लागि सकारात्मक प्रभाव पार्दछ । यस नीतिको कार्यान्वयनले मात्र नेपालको राजनीतिक संस्कृति र लोकतन्त्रलाई परिष्कृत गर्ने काम गर्न सक्छ, जुन अन्ततः सबै नागरिकका हक र स्वतन्त्रतामा समृद्धि ल्याउनेछ ।

*जेनजी पुस्ताको नाममा भएको विद्रोह पनि पुस्तान्तरण र हस्तान्तरणको नीति समग्र प्रणालीमा नहुँदाको परिणाम हो । युवाहरूले बाध्यकारी रूपमा राज्यका हरेक निकायमा न्यायिक प्रतिनिधित्व खोज्दा अहिलेको अवस्था निम्तिएको हो । यदि दलहरू स्वयंले नीतिगत रूपमै युवालाई समेट्ने अभ्यास गरेको भए, समग्र राज्य प्रणालीमा युवाहरूको सहभागिता अनिवार्य बन्थ्यो ।*

नेपालका लागि, जहाँ लोकतान्त्रिक प्रक्रिया अझै विकासको चरणमा छ, यस्तो नीति अनिवार्य बनाउनु अत्यावश्यक छ । यसका माध्यमबाट राजनीति मात्र स्थिर र प्रगतिको मार्गमा उन्मुख हुनेछ तर समाजको लोकतान्त्रिक आधार र संस्थागत शक्ति पनि बढ्नेछ । पछिल्लो समय जेनजी पुस्ताको नाममा भएको विद्रोह पनि पुस्तान्तरण र हस्तान्तरणको नीति समग्र प्रणालीमा नहुँदाको परिणाम हो । युवाहरूले बाध्यकारी रूपमा राज्यका हरेक निकायमा न्यायिक प्रतिनिधित्व खोज्दा अहिलेको अवस्था निम्तिएको हो । यदि दलहरू स्वयंले नीतिगत रूपमै युवालाई समेट्ने अभ्यास गरेको भए, समग्र राज्य प्रणालीमा युवाहरूको सहभागिता अनिवार्य बन्थ्यो । जसमा युवाहरूको सहभागिता मात्रै हुने थिएन, दलहरूलाई पनि नयाँपन दिइरहन्थ्यो । दलभित्र लोकतान्त्रिक अभ्यास स्वाभाविक बन्थ्यो । तर विडम्बना मूल नेतृत्वकर्ता लोकतन्त्रको कुरा गर्ने तर आफैंभित्र त्यो अभ्यास गर्न मानेनन् ।

राजनीतिक पुस्तान्तरण र हस्तान्तरणको नीति केवल देखावटी प्रणाली होइन, बरु एक जीवन्त लोकतान्त्रिक प्रक्रिया हो । जसले समग्र देशको राजनीतिक भविष्यलाई आकार दिन्छ । समाजमा असन्तोषहरूलाई समाधान गर्दै जान्छ । समय र परिवर्तनअनुसार समग्र संरचनालाई पनि अभ्यस्त गराउँछ ।

## इतिहासमा आज

२६ सेप्टेम्बर २०२२ मा रुसको उदमुर्तियाको इजेभ्स्कमा रहेको एक विद्यालयमा सामूहिक गोलीबारी भएको थियो । जसमा ११ बालबालिकासहित १८ जनाको मृत्यु भएको थियो ।



२६ सेप्टेम्बर २००२ मा भीडभाड भएको सेनेगाली डुंगा गाम्बियाको तटमा पल्टियो । जुन दुर्घटनामा १ हजारभन्दा बढीको मृत्यु भयो ।



२६ सेप्टेम्बर २००९ मा केत्साना आँधी फिलिपिन्स, चीन, भियतनाम, कम्बोडिया, लाओस र थाइल्यान्डमा ठोक्किएको थियो । जसमा ७ सय जनाको मृत्यु भएको थियो ।



२६ सेप्टेम्बर २०२४ मा हेलेन आँधीले फ्लोरिडाको पेरीमा वितन्डा मच्चाएको थियो । जसले २ सय ५० भन्दा बढी मानिसहरूको ज्यान लियो भने ७८ दशमलव ७ अर्ब अमेरिकी डलरको क्षति पुऱ्यायो ।



# लगानीकर्ताको मनोबल

विचार



● नारायण अर्याल

*विद्रोह सत्य र अवश्यम्भावी हुँदाहुँदै पनि प्रारम्भिक तथ्यांकअनुसार जेनजी विद्रोहमा निजी क्षेत्रको मात्रै ८० अर्ब बढीको क्षति भएको अनुमान गरिएको छ । जुन क्षतिले स्वदेशी र विदेशी दुवै लगानीकर्ताको मनोभावनालाई कमजोर बनाएको छ ।*

भदौ २३ र २४ गते जेनजी पुस्ताका नेपाली युवाले विश्व इतिहासमा नै छोटो समयभित्र सरकार नै फाल्ने गरी विद्रोहात्मक शैलीको आन्दोलन गरे । आन्दोलनले दुई तिहाइको सरकारलाई ढाल्ने काम मात्रै गरेन, लाखौं सदस्य संख्या भएका ठूला राजनीतिक दललाई नै  केही दिन भूमिगत हुने अवस्थामा पुऱ्यायो । जेनजी पुस्ताका युवाका सोच, कार्यशैली र जीवनशैली पुराना पुस्तासँग फरक रहेको पाइन्छ । जसले समाज, राजनीति, विकास लगायतका विषयलाई फरक पुराना पुस्ताका मानिसले बुझ्ने तरिका भन्दा फरक ढंगले बुझ्ने गरेको पाइन्छ । जुन पुस्ताले विद्रोहको माध्यमबाट भ्रष्टाचार र शासकीय प्रणालीमाथि नै प्रश्न असहमति व्यक्त गर्दै परिवर्तनको माग गऱ्यो ।

जेनजी आन्दोलनले विशेषगरी प्रतिरोधात्मक विद्रोहको माध्यमबाट खर्बौं बराबरको सार्वजनिक र निजी क्षेत्रको भौतिक संरचनालाई ध्वस्त बनाउने काम गऱ्यो भने राज्यका महत्त्वपूर्ण कागजात नष्ट गर्ने गर्ने काम गरेको छ । तर जेनजी विद्रोह विगतका विभिन्न आन्दोलन र युद्धजस्तै निष्कर्षमा पुगेर आफ्नै प्रकारको दिशा ग्रहण गर्न सकेन । जसले राज्य व्यवस्थामा एक प्रकारको अस्थिरता र थप अनिश्चितता पैदा गरेको छ । तर, सो विद्रोहलाई निजी क्षेत्रका केही लगानीकर्ताले क्षति भए पनि राज्यलाई दीर्घकालीन ढंगले सकारात्मक दिशातर्फ डोऱ्याउनको लागि पनि अवसर रहेको पनि विचार व्यक्त गरेका छन् । राजनीतिक दलले नै व्यवस्था राम्रोसँग सञ्चालन गर्न नसक्दा विगतमा व्यापक भ्रष्टाचार भएको, सुशासन कायम गर्न नसक्दा अहिलेको अवस्था सिर्जना हुन पुगेको उनीहरूको भनाइ छ । जेनजी विद्रोहलाई विभिन्न शक्तिकेन्द्रले ठूलो लगानी गरेर सञ्चालन गरेको हुनसक्ने भन्दै कतिपयले आफ्नो अनुमान तथा धारणा पनि राख्ने गरेको पाइन्छ । विद्रोहमा जुनसुकै अदृश्य शक्तिकेन्द्रको अदृश्य भूमिका भएको भए पनि राज्यसत्तामा चरम भ्रष्टाचार र बेथिति भएको सत्य हो । जसले सार्वजनिक र निजी दुवै क्षेत्रको समसामयिक तथा यथोचित विकासमा वाधा सिर्जना गर्दै आएको थियो । सो कारणले ढिलो वा चाँडो विद्रोह अवश्यम्भावी रहेको कतिपयको धारणा छ । विद्रोह सत्य र अवश्यम्भावी हुँदाहुँदै पनि प्रारम्भिक तथ्यांकअनुसार जेनजी विद्रोहमा निजी क्षेत्रको मात्रै ८० अर्ब बढीको क्षति भएको अनुमान गरिएको छ । जुन क्षतिले स्वदेशी र विदेशी दुवै लगानीकर्ताको मनोभावनालाई कमजोर बनाएको छ ।

अर्थमन्त्रीले निजी क्षेत्रको मनोबल उकास्ने प्रयत्न गर्दै कर्जाको पुनर्तालिकीकरण, सहुलियतपूर्ण कर्जा, सेयर बजारको समस्या अध्ययन गर्न समिति गठन लगायतका केही काम गरेका छन् । जसलाई निजी क्षेत्रले स्वागत पनि गरेका छन् । तर, जेनजी विद्रोह पछि सरकारको आगामी दिगो व्यवहार र नीतिले निजी क्षेत्रको मनोबल बढ्ने वा नबढ्ने विषयलाई निर्धारण गर्ने सो सम्बन्धित क्षेत्रका व्यक्तिहरूको भनाइ छ । त्यसैले सरकार र राजनीतिक दलहरूले संयुक्त रूपमा निजी क्षेत्रले उठाएका विशेषगरी शासकीय स्थिरता र सुशासनको पक्षमा उठाएका मुख्य विषयलाई सम्बोधन गर्दै मुलुकमा राजनीतिक स्थिरता कायम गर्ने वातावरण तयार गर्ने गरी काम अगाडि बढाउन आवश्यक छ ।

वर्तमान संसदीय प्रणालीका कारण २०४६ सालदेखि हालसम्म नै कुनै पनि सरकारले पूर्ण आवधिक समय सरकार सञ्चालन गर्न सकेको देखिँदैन । त्यसको मुख्य कारण संसदभित्रको अंकगणित र धरातल हो भन्ने देखिन्छ । संसदको अस्तित्वलाई नीति निर्माणका लागि र शक्ति पृथकीकरणको सिद्धान्तअनुसार कायम नै राखे पनि प्रत्यक्ष कार्यकारी प्रमुखको विकल्पमा जानुपर्ने देखिन्छ । जसले राजनीतिक स्थिरतालाई सहयोग पुऱ्याउन सक्छ ।

त्यस्तै, नेपालमा स्वच्छ व्यवसायमैत्री वातावरण निर्माण हुन नसक्नुको मुख्य कारणको रूपमा भ्रष्टाचार सबैभन्दा ठूलो रोगको रूपमा रहेको छ । लामो समयदेखि राज्यको विभिन्न अंगमा रहेर काम गरेका र विभिन्न सार्वजनिक पद धारणा गरेका व्यक्तिहरूमाथि अनुसन्धान गर्नुपर्ने र आगामी दिनमा भ्रष्टाचार शून्य अवस्था सिर्जना गर्नको लागि पनि सरकार र सबै राजनीतिक दलहरू सहकार्य गरेर अगाडि बढ्नुपर्छ । यी माथिका दुई विषयहरू कार्यान्वयन गर्न सक्दा नै नेपालमा हालको तुलनामा राम्रो लगानी तथा व्यावसायिक वातावरण बन्न सक्ने अनुमान गर्न सकिन्छ । जसले विद्रोह र अस्थिरतामार्फत गुमेको लगानीकर्ताको मनोबल पनि सजिलै माथि उठाउन सक्छ ।

विशेषगरी नेपालको वातावरण, जनसंख्या र आवश्यकताको वैज्ञानिक सर्वेक्षण गर्ने, आवश्यकताको आधारमा उत्पादन तथा औद्योगिक क्षेत्रमा लगानीका लागि आवश्यक संवैधानिक, कानुनी तथा नीति नियमको व्यवस्था गर्न जरुरी छ । जसमार्फत कानुनी रूपमा नै राष्ट्रिय पुँजीको संरक्षण गर्न र थप लगानीको लागि प्रोत्साहन गर्न सकियोस् ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

जेनजी आन्दोलनका मागमध्ये एक महत्वपूर्ण सवाल नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र रूपान्तरण हो । पार्टी सानो ठुलो आफ्नो ठाउँमा छ । तर डा. बाबुराम भट्टराईको निर्णय स्वागतयोग्य छ । ओली, देउवा, प्रचण्ड, माधव झलनाथ, महन्थ, बिजुक्छे, सिपी, वामदेव, मोहन वैद्य आदि सबैले नैतिक दबाब महसुस गरून् ।

६ महिनाको सरकारले धेरै काम गर्न सम्भव नहोला । तर राज्य प्रणालीका केही गलत अभ्यास भत्काउने, गर्न नहुने कुरा नगर्ने, छानबिन आयोगले दोषी ठहरेकालाई सजाय दिने र भ्रष्टाचारीमाथि कारबाही सुरु गर्न सके मात्र पनि गज्जब हुन्थ्यो ।




सूर्यराज आचार्य



मुकेश काफ्ले

एक मन्त्री मन्त्रालयमै डेरा सर्नुभएछ । अधिकांशले वाही वाही गरेको देखिन्छ । सबै मन्त्रीले मन्त्रालयलाई नै निवास बनाउन थाले के हुन्छ ? अर्को कोणबाट के मन्त्रालयजस्तो संवेदनशील र सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत निवासमा प्रयोग गर्न मिल्छ ? भावनामा होइन, पद्धतिमा देश चलाऔं ।

अरू यथास्थिति पुरातनपन्थी पश्चगमनकारीको बाटो कुरेर नबसौं जेसुकै गरुन् तर लोकतान्त्रिक प्रजातान्त्रिक दलहरूले यथाशीघ्र समयानुकूल युवाको भावानुकूल विधान हो कि केके हो परिवर्तन गर्नुपर्नेहरू गरिहाल्नुपर्छ । युवाहरूदेखि लिएर ज्येष्ठ नागरिकहरू सम्म ध्यान दिएर सच्चिऔं ।



प्रेमकान्त अधिकारी

# क्षतिग्रस्त भौतिक संरचना बनाउन पूर्वाधार पुनर्निर्माण कोष खडा



**काठमाडौं/मस–** सरकारले जेनजी आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचना निर्माण गर्न भौतिक पूर्वाधार पुनर्निर्माण कोष बनाएको छ ।

गत २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भौतिक संरचनामा आगजनी र तोडफोड भई खर्बौंको क्षति भएपछि सरकारले कोष बनाएको हो । त्यस्तो कोषमा नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तह, निजी क्षेत्र, स्वदेशी तथा विदेशी नागरिक, गैरआवासीय नेपाली समुदाय, मित्र राष्ट्रहरू, विकास साझेदार तथा अन्तर्राष्ट्रिय संस्थाहरूले सहयोग गर्न सक्नेछन् ।

अर्थमन्त्री रामेश्वर खनालले पुनर्निर्माणका लागि सरकारलाई स्रोतको अभाव नरहेको बताए । उनले स्रोत अभाव नभएपनि विदेशमा भएका नेपालीले पुनर्निर्माणमा सहभागिता जनाउन चाहेकाले कोष बनाइएको बताए ।

निजी क्षेत्रसहित दातृ निकायहरूले कोषमा आर्थिक सहायता गर्न सक्नेछन् । उनीहरूले गरेको सहायता रकम योगदानकर्ताको चालु आर्थिक वर्षको करयोग्य आय गणना गर्दा घटाउन/खर्च कट्टी गर्नसक्ने भौतिक पूर्वाधार मन्त्री कुलमान घिसिङले जानकारी दिए । उनका अनुसार भौतिक पूर्वाधार पुनर्निर्माण समिति बनाइएको छ । त्यसका लागि आदेश जारी भइसकेको छ र अर्थमन्त्री अध्यक्ष रहने गरी पाँच सदस्यीय समिति बनेको छ । समितिमा गृहमन्त्री र शहरी विकासमन्त्री पनि सदस्य रहनेछन् । समिति सदस्यमा मुख्यसचिव पनि रहने व्यवस्था आदेशमा छ । साथै समिति सदस्यसचिवका रूपमा सहरी विकास मन्त्रालयका सचिवले काम गर्नेछन् ।

उनका अनुसार आन्दोलनबाट क्षति भएका भौतिक संरचना पुनर्निर्माण, आर्थिक पुनरुत्थान, राहत र पुनर्स्थापना सम्बन्धी कार्य गर्नेछ । कोषमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रदान गरेको रकम जम्मा हुनेछ ।

साथै, स्वदेशी वा विदेशी व्यक्तिले प्रदान गरेको रकम, गैरआवासीय नेपालीले प्रदान गरेको रकम जम्मा हुनेछ । त्यसैगरी विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संघसंस्था वा दातृ निकायबाट प्राप्त नगद वा वस्तुगत सहायता वा कार्यक्रम बापत प्राप्त रकम पनि सोही कोषमा जानेछ । विभिन्न व्यावसायिक प्रतिष्ठानले प्रदान गरेको सामाजिक उत्तरदायित्व बापत रकम समेत सोही कोषमा जम्मा हुनेछ ।


## सुरुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति :- २०८२/०६/१०**

यस सुरुङ्गा नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका शिशुवारी, बलान तथा चहका खोलाहरूबाट चालु आ.व. २०८२/०८३ को लागि तोकिएको परिमाणमा नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री कार्यको लागि मिति २०८२/०५/०९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार विद्युतीय माध्यमबाट पेस भएका वोलपत्रहरूमध्ये सबैभन्दा उच्चतम अंक कबोल गर्ने सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएको व्यहोरा सार्वजनिक खरिद ऐनको दफा २७(२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रको नाम र ठेगाना | कवोल अंक मू.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRNG-SAPT/ REV/03/082/083 | सुरुङ्गा नगरपालिकाभित्र पर्ने शिशुवारी, वलान तथा चहका खोलाका बगर क्षेत्रबाट निस्कन सक्ने ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन्, संकलन तथा बिक्री कार्य | संघर्ष निर्माण सेवा, त्रि.न.पा.०४, उदयपुर | २,२१,४७,९९८.८७/- | |

**प्रमुख प्रशासकीय अधिकृत**



## Masta Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhatekhola, Bajhang**
**Sudurpaschim Province**

### Invitation for sealed Quotation

**Date of publication: (Sep-26,2025)**

1. The Masta Rural Municipality Bhatekhola,Bajhang invites Online Sealed Quotation from eligible bidders for the Construction of the following works.

| Contract Identification no. | Description Of Work | Estimated Amount (Exclusive VAT) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| MRM-SQ1-2082/83-01 | Procurement and Supply Medicine item for Live Stock Branch Branch | 800030/- | 1000/- | 20,000/- | 45days | |
| MRM-SQ2-2082/83-02 | Procurement and Supply to Medicine item for Health Branch. | 1704990/- | 1000/- | 43,000/- | 45 days | |
| MRM-SQ3-2082/83-03 | Procurement and Supply to Good item for Store Branch | 1449655/- | 1000/- | 37000/- | 45 days | |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .

| Last Date and Time For Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date:Oct -12,2025-12:00 Noon | Date:Oct -12,2025-12:00 Noon | Date:Oct-12,2025-13:00 Noon |

| Cash Deposit For Purchases of Bid Document | | Cash Deposit For Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Name | Masta Rural Municipality | Account Name | Masta Rural Municipality |
| Account Number | 4110100301010006 | Account Number | 4110100303000006 |
| Office Code | 801077010 | Office Code | 801077010 |
| Revenue Head | 14229 | Revenue Head | 14229 |

**Chief Administrative Officer**
**Ramesh Kumar Khadka**



## Haldibari Rural Municipality
## Office of Rural Municipal Executive
**Jalthal, Jhapa, Koshi Province, Nepal**

### Invitation for Electronic Bids

**Second Date of publication : 2082-06-10 (2025-09-26)**

1. Haldibari Rural Municipality Invites Online electronic bids for eligible bidders for the following Bids under Sealed Quotation Bidding procedures specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| Contract ID No | Name Of The Procurement | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Last date of bid submission | Bid opening Date |
|---|---|---|---|---|---|
| HRM/GOODS/ MEDICINE/ SQ/03-082/083 | Supply and Delivery of Medicine and Surgical Equipment At Haldibari Rural Municipality | 82,000.00 | 1,000.00 | 2025-10-12, 12:00 | 2025-10-12, 14:00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office Of Haldibari Rural Municipality or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents Can Be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified Below

**Name of Bank : Citizens Bank International Ltd**
**Name of Office : Haldibari Rural Municipality**
**Office Account no. : 0630100000001202 (Haldibari Aantarik Rajaswa Khata)**
**Office Account no. : 0630100000017201 (Haldibari Dharauti Khata)**

4. Bids must be valid for a period of 45 Days For Sealed Quotation Bidding procedures after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
7. The Employer reserves the right to accept or assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## कुवेतमा रोजगार

कम्पनी: I EXPRESS CONSUMER ORDERS DELIVERY COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/०५ चलानी नं.: ६०२४५३४० L.T. No.: 331621

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 21 | 0 | स. काममा दक्ष | 140 | ६५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १७ गते (3 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.** Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com



## नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति: २०८२/०५/१९)**
**(प्रकाशित मिति: २०८२/०६/१०)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०६/३० को आर्थिक अभियान पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरी मिति **२०८२/०५/१९ मा नेपाल सपाचारपत्र पत्रिका**मा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्युनतम गोप्य शिलवन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरि एको छ । प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रहरुलाई यथावत राखि दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलवन्दी बोलपत्रमा समाबेश गरिनेछ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकका **कुमारीपाटी शाखा ललितपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ , सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बांकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

#### ऋणी कम्पनी, कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

कम्पनी ऐन २०६३ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०६/०१ मा दर्ता नं. १९८९२१/०७५/०७६ अन्तर्गत दर्ता भएको **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** ।
ठेगाना : काठमाडौं जिल्ला टोखा न.पा. वडा नं १०, काठमाडौं ।

#### ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. लक्ष्मण भुसालको नाति, चन्द्र प्रसाद भुसालको छोरा, रुपन्देही जिल्ला पडसरी गा.पा. वडा नं. ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं १० बस्ने, ना.प्र.नं. १/४५९ (जारी मिति: २०४६/०१/१८, स्थान रुपन्देही) भएका **रमा कान्त भुसाल** ।
२. मुक्तिराम आचार्यकी छोरी, चन्द्र प्रसाद भुसालकी बुहारी, रमा कान्त भुसालकी श्रीमती, रुपन्देही जिल्ला पडसरी गा.पा. वडा नं ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं १० बस्ने, ना.प्र.नं. २०८३ (जारी मिति: २०४५/०१/०९, स्थान रुपन्देही) भएकी **गोमा कुमारी आचार्य** ।

#### धितोको विवरण

**धितोमा रहेको घर/जग्गाको विवरण:**
रुपन्देही जिल्ला पडसरी गा.पा. वडा नं ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं १० बस्ने, **गोमा कुमारी आचार्य**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा नं. ०४ नक्सा सिट नं. ०४ मा अवस्थित कि.नं. २६९ क्षेत्रफल २-३-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**धितोमा रहेको सवारी साधनको विवरण:**
१ . ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१७ भएको Ashok Leyland Tipper .
२. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१५ भएको Ashok Leyland Tipper .
३. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१९ भएको Ashok Leyland Tipper.
४. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७२० भएको Ashok Leyland Tipper.
५. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१६ भएको Ashok Leyland Tipper.
६. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१८ भएको Ashok Leyland Tipper.
७. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९९४१ भएको Excavator.
८. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ७७४ भएको Tata Tipper.
९. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ७७५ भएको Tata Tipper.
१०. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५५० भएको Tata Tipper.

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार,काठमाडौंमा वा कुमारीपाटी शाखा,ललितपुर** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/०६/१६ गते ३:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कुमारीपाटी शाखा ललितपुर**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०६/१७ गते ३:०० बजे बैंकको **कुमारीपाटी शाखा ललितपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकका **कुमारीपाटी शाखा ललितपुर** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# दसैंमा बिहान ५ बजेदेखि मध्यरातसम्म सो



**काठमाडौं/मस–** यस वर्षको दशैंमा नेपाली चलचित्र बजार निकै रौनक हुने देखिएको छ । असोज १३ गतेबाट रिलिजमा आउने तीन नेपाली फिल्म 'माइतीघर', 'बलिदान' र 'हरि बहादुरको जुत्ता'ले देशभरका सिनेमा हलमा उल्लेख्य सो पाइसकेका छन् ।

हालसम्मको सार्वजनिक सो तालिका अनुसार तीन फिल्मलाई जम्मा ३६२ सो दिइसकिएको छ । तीमध्ये 'बलिदान'ले सबैभन्दा धेरै करिब १९३ सो कब्जा गरेको छ भने 'माइतीघर'ले १२१ सो र 'हरि बहादुरको जुत्ता' ले ११६ सो पाएका छन् । अझै धेरै हलले तालिका सार्वजनिक नगरेकाले सो संख्यामा थप वृद्धि हुने अनुमान गरिएको छ ।

चलचित्र हलहरूले यी फिल्मलाई असाधारण समय तोकेका छन् । 'माइतीघर' र 'हरि बहादुरको जुत्ता'लाई बिहान सबेरै ५:१५ र ५:३० बजेको सो दिइएको छ भने, 'बलिदान' लाई केही हलमा रातको ११:५५ बजे समेत प्रदर्शन हुने गरी तालिका बनाइएको छ । कतिपय हलमा अन्तिम सो सकिनासाथ बिहान ३ बजे अर्को सो सुरु हुने गरी व्यवस्था गरिएको छ । यसरी हेर्दा, दर्शकलाई झन्डै २४ घण्टा निरन्तर सो हेर्ने वातावरण तयार पारिएको छ ।

मिलन तामाङको निर्देशन र रोहित अधिकारीको निर्माणमा बनेको 'माइतीघर' पूर्णतया पारिवारिक कथामा आधारित छ । कलाकारमा केदार घिमिरे, धिरज मगर, प्रकाश सपुत, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा लगायत छन्। गीतसंगीत र ट्रेलरले नै फिल्मलाई चर्चामा ल्याइसकेको छ ।

---

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

## वीरेन्द्र विद्या मन्दिर क्याम्पस

टिकापुर, कैलाली

स्था.: वि.सं. २०६३

### बोलपत्रपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२ /०६/१०**

यस विरेन्द्र विद्या मन्दिर क्याम्पसको सूचना मिति २०८२/०४/२५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित विद्युतीय बोलपत्र आव्हानको सूचना अनुसार निम्न निर्माण कार्यका लागि पर्न आएका बोलपत्रहरू मध्य तपसिल बमोजिमको बोलपत्रदाता न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले मूल्यांकन समितिबाट छनौट भई स्वीकृतिको लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. न | ठेक्का नं | आयोजनाको नाम/ कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क) सहित |
|---|---|---|---|---|
| १. | UGC/BBMC/NCB/01/BUILD/2082/083 | Construction of Library Building at Birendra Bidhya Mandir Campus, Tikapur . Municipality–01, Tikapur Kailali | श्री लटिनाथ निर्माण सेवा, रु ८६,९३, ७९८ ७६ मार्मा दार्चुला | रु. ८६,९३,७९८।७६ |

**क्याम्पस प्रमुख**

---

## सिन्धु कन्टेनर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## (Sindhu Container Saving & Credit Co-Operative Limited.)

केन्द्रिय कार्यालयः मध्यपूर ठिमी न.पा. ३, गठ्ठाघर, भक्तपुर फोन नं. ०१-६६३७२४४
सदस्य सेवा केन्द्रः भोटेकोशी गा.पा. २, सिन्धुपाल्चोक, फोन नं. ०११-५९०००८
सदस्य सेवा केन्द्र : बाह्रबिसे न.पा. ३, सिन्धुपाल्चोक, फोन नं. ०११-४८९२५३
सदस्य सेवा केन्द्र : प्युखा न्युरोड २२, काठमाण्डौं, फोन नं. ०१-५३२२१६०

### पन्ध्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रकाशित मिति २०८२/०६/१०**

यस संस्थाको सञ्चालक समितिको मिति २०८२ साल भदौ १८ गतेको बैठकको निर्णय बमोजिम देहायको मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गर्नको लागि यस संस्थाको पन्ध्रौं वार्षिक साधारणसभा हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरुको उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान:**
मिति : २०८२ साल असोज २२ गते, बुधवार ।
समय : दिउँसो ११:०० बजे ।
स्थान: संस्थाको केन्द्रिय कार्यालय, गठ्ठाघर, भक्तपुर ।

**छलफलका विषयहरु:**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत हुने प्रतिवेदन।
२. संचालक समितिको तर्फबाट सचिवद्धारा प्रस्तुत हुने आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन र आ.व. २०८२/०८३ को कार्ययोजना प्रतिवेदन ।
३. कोषाध्यक्ष ज्यूबाट आ.व. २०८१/०८२ को आर्थिक प्रगति तथा आ.व. २०८२/०८३ को अनुमानित बजेट तथा कार्ययोजना ।
४. लेखा सुपरिबेक्षण समितिको प्रतिबेदन सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन ।
६. शेयर लाभांश र कर्मचारी बोनसवितरण सम्बन्धी प्रस्ताव सम्बन्धमा ।
७. विनियम संशोधन सम्बन्धमा ।
८. संस्थाको निति, कार्यविधि निर्माण, स्विकृति र संशोधन सम्बन्धमा ।
९. संस्थाको नाम परिवर्तन गर्ने सम्बन्धमा ।
१०. आ.व. २०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११. साधारणसभाको निर्णय पुस्तिका प्रमाणीकरणका लागि प्रतिनिधी चयन सम्बन्धमा ।
१२. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**प्रल्हाद थापा**
**(सचिव)**

---

## कुवेतमा रोजगार

कम्पनी: **LE BLANC LADIES BEAUTY SALON COMPANY** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८२/०६/०९ चलानी नं.: ६०२४५३२२ **LT. No.: 331611**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Beautician | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ६९,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 10 | | 150 | ६९,७१२ | | | | | | | |
| 3. | Nail Technicial(Manicurist/Pedicurist) | 0 | 3 | | 150 | ६९,७१२ | | | | | | | |

कम्पनी: **WALLS SNACK FOOD COMPANY** शहर: **KUWAIT** पूर्व स्वीकृत मिति: २०८२/०६/०९ चलानी नं.: ६०२४५३२१ **LT. No.: 331610**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 2 | 3 | सम्बन्धित काममा दक्ष | 130 | ६०,४१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 3 | 0 | | 150 | ६९,७१२ | | | | | | | |
| 3. | Cook | 3 | 0 | | 150 | ६९,७१२ | | | | | | | |
| 4. | Kitchen Helper | 4 | 0 | | 110 | ५१,१२२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १७ गते (3 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BLUE OCEAN RECRUITMENT
ISO Certified 9001:2015

**BLUE OCEAN RECRUITMENT PVT. LTD.**
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu ☎ 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com

## QATAR मा रोजगार

कम्पनी: **TRISTAR SELFDRIVE GENERAL SERVICES** शहर: **QATAR**
पूर्व स्वीकृत मिति: २०८२/०६/०९ चलानी नं.: ६०२४५३१७ **LT. No.: 331520**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 27 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५४,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cooker | 30 | 0 | | 1500 | ५८,२७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १७ गते (3 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

